श्री उच्च अदालत पाटनमा चढाएको

निवेदन—पत्र

विषयः अदालतको अवहेलनामा कारवाही गरी पाउँ ।

काठमाडौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ११ त्रिपुरेश्वर काठमाडौंमा कार्यालय रहेको एस.टि.आर. एडभरटिजमेण्ट प्रा.लि. ........................१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३४ को हाल १० मा काठमाडौंमा कार्यालय रहेको ब्राईट एडभारटाइजिङ्ग प्रा .लि. .................

काठमाडौं जिल्ला, काठमाडौं महागनरपालिका वडा नं ।२९ काठमाडौंमा कार्यालय रहेको यूनिभर्षल एडभरटाईजिङ्ग प्रा .लि. ........................................

काठमाडौं जिल्ला, काठमाडौं महागनरपालिका वडा नं ।२८ मा कर्यालय रहेको फाल्कोन आउटडोर प्रा .लि. ..............................................

काठमाडौं जिल्ला, काठमाडौं महागनरपालिका वडा नं ।१४ मा कार्यालय रहेको एल ई .डी. म्याट्रिक्स मल्टिप्रपोज प्रा. लि.............................................

काठमाडौं जिल्ला, काठमाडौं महागनरपालिका वडा नं ।१० कार्यालय रहेको प्लेजर सुलोसन नेपाल प्रा. लि ..................................................

काठमाडौं जिल्ला, काठमाडौं महागनरपालिका वडा नं ।१० मा कार्यालय रहेको गुड एडभरटाइजमेण्ट प्रा .लि.. ..............................................!

समेत सात कम्पनीको अख्तियार प्राप्त का.जि. किर्तिपुर न.पा. वडा न. ७ मा बस्ने वर्ष २८ को असिम भट्टराई ................................................

निवेदकहरु

विरुद्ध

काठमाडौं महानगरपालिकाका, नगर प्रमुख बालेन्द्र साह.......................१

काठमाडौं महानगरपालिकाका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगरी प्रहरी प्रमुख राजु पाण्डे ..............................................१

विपक्षीहरु

मुद्दा : अदालतको अवहेलना

म निवेदक नेपालको संविधानको धारा १२६(२) तथा १३९(२) बमोजिन र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ (२) तथा (४) बमोजिम उच्च अदालत पाटनमा यस निवेदन वापत लाग्ने दस्तुर यसै साथ राखी निम्न लिखित व्यहोराको निवेदन गर्दछु ।

१. म निवेदक एस.टि.आर. एडभरटिजमेण्ट प्रा.लि.ले मिति २०७६।०५।१६ देखी त्रिपुरेश्वर स्थित United World Trade Center मा, ब्राईट एडभारटाइजिङ्ग प्रा .लि. ले क्रा.म.न.पा. सुन्धारा र कोटेश्वरमा, यूनिभर्षल एडभरटाईजिङ्ग प्रा .लि.ले थापाथली क्याम्पस कम्पाउण्ड, चावहिल चोक, कृष्ण पाउरोटी चोक कमलपोखरी, मालि पेट्रोल पम्व कालीमाटी, टँकेश्र जाने वाटो, फाल्कोन आउटडोर प्रा .लि. ले कमलादीमा, ई .डी. म्याट्रक्स मल्टिप्रपोज प्रा. लि.ले कलँकी चोक, प्लेजर सुलोसन नेपाल प्रा. लि. को कमलादी मोड र निवेदक गुड एडभरटाइजमेण्ट प्रा .लि. ले कोटेश्वरमा विभिन्न व्यक्तिहरुको घर भित्ता भाडामा लिई विज्ञापनिक चित्र तथा शब्दहरु देखाई प्रचार प्रसार गर्ने मूल उद्देश्यका साथ डिजिटल बोर्ड राख्न महानगरपालिकाबाट स्वीकृति प्राप्त गरी देशको संघीय कानून र महानगरपालिकाले राखेका सम्पूर्ण शर्त र रित पूरा गर्दै आएको अवस्था छ । यसैबिच उल्लेखित वोर्डहरु हटाउनेबारे विपक्षी महानगरपालिका र यस कम्पनीबिच विवाद भई विपक्षी महानगरपालिकाले सो ब्यवसाय आगामी दिनमा संचालन गर्न रोक लगाई अनुमती पत्र नविकरण नगरिदिएकोमा यसै अदालतबाट मिति २०७९।१२।२९ र २०८०।१२।०८ को आदेशमा अनुमतिपत्र प्रदान गर्दाका बखत राखिएका शर्तहरु यस कम्पनीले पालन गरिरहेको अवस्थामा गरिदिनु भनि उच्च अदालत पाटनमा ०८०-WO-०५७२ को रिट निवेदन दायर भई मिति २०८०।१२।०९ मा फैसला भएको थियो। फैसलामा सँचालनमा रहेका डिजीटल

वोर्डहरु कानुन वमोजिम नविकरण गरिदिनु भनी महानगरपालिकाको नाउँमा परमादेशको आदेश समेत जारी भैरहेको थियो छ।

२. उल्लेखित फैसला संलग्न गरी यस कम्पनीले पाएको अनुमतिपत्रमा नवीकरणको लागि पटक पटक विपक्षी महानगरपालिकामा निवेदन पेश गरेकोमा हालसम्म पनि विपक्षी महानगरपालिकाले वोर्ड नविकरणको लागि कुनै मापदण्ड नवनाएको सो वमोजिम नवीकरणको प्रकृयामा नै नगएको हुँदा जे जुन कानुनी मापदण्डमा रहेको थियो सोही वमोजिम सँचालनमा छ। तर विपक्षीको कारण नवीकरणको कार्य सम्पन्न हुन सकेको छैन र महानगरपालिकाको इन्जिनियरसँगको सहकार्य बमोजिम बोर्डहरु र उक्त बोर्डहरु रहेको संरचनाहरु उल्लेख गरे अनुसार परिमार्जन गर्दै आईरहेको अवस्था थियो।

३. हामीहरुको संचालनमा रही आएको बोर्डहरु मिति २०८२-०१-३० का दिन कुनै सुचना नै नदिई कुनै खबर नगरि गैर कानुनी रुपमा जवरजस्ती गरी सँचालनमा रहेका वोर्डहरु बन्द गर्नु भनी मौखिक रूपमा नगर प्रहरी प्रमुख राजु पाण्डेको नेतृत्वमा आएको महानगरपालिका नगर प्रहरी बलले सँचालनमा रहेका वोर्डहरु मध्ये एसटिआरले सँचालन गरी आएको वोर्ड देखि वाहेकका डिजीटल वोर्डहरु मिति २०८१।१।३० गतेवाट जवरजस्ती वन्द गरी दिएका छन्। तर विपक्षीको जवरजस्ती र गैर कानुनी कार्यले हामीहरुले गँभिर नोक्सानी पर्न गई कानुनी हकहरु उलँघन भएको कारण पुनः सोही दिन नै वोर्डहरु सँचालनमा आए। सो पश्चात विपक्षी प्रहरी प्रमुखले हामीहरुले सँचालन गरी आएका वोर्डहरु वन्द गर्नको लागि धाक धम्की दिँदै आएका छन्। जसले गर्दा हामीहरु सधै मानसीक पिडामा रही विपक्षीको गैर कुननी कार्यको शिकार वन्न सक्ने अवस्था रही आएको छ। विपक्षीहरुको गैर कानुनी कार्य के कसरी भएको भन्ने सम्वन्धमा प्रत्यर्थीलाई सोधनी गर्दा उक्त बोर्ड हामी राख्न दिदैनौं जे गर्न सक्नु हुन्छ गर्नु भनी जवाफ दिएकोमा बन्द गर्न लिखित कागजात भएपनी उपलब्ध गरिदिनुस भन्दा कागजसमेत नदिएको अवस्था छ।

४. बाह्य विज्ञापन नियमन निर्देशिका, २०७९ ल्याउनु पूर्व नै यस कम्पनीले विपक्षी महानगरपालिकाबाट अनुमती प्राप्त गरी उक्त डिजिटल बोर्डहरु जडान गरी आफ्नो व्यवसाय संचालन गरेको अवस्थामा पछि ल्याईएको निर्देशिका पछि अनुमति लिने अनुमतिवालाहरुलाई मात्र लागू हुने तर्फ बारम्बार ध्यानाकर्षण गर्दा गराउँदा समेत विपक्षी महानगरपालिकाले निर्देशिकाको आड लिई अदातलको फैसला को अवहेलना गरी यस निजी कम्पनीलाई हतोत्साहित गर्न खोज्नु दुःखद छ। विपक्षी महानगरपालिकाको सम्पूर्ण

कामकारवाही यस सम्मानित अदालतबाट भएको आदेश निष्कृय पार्ने, ठाडो इन्कार गर्ने नियतले गरेको प्रष्ट देखिन्छ।

५. नेपालको संविधानको धारा १२६(२) तथा १३९(२) र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ (२) तथा (४) मा अदालतको आदेश वा निर्णय सवैले मान्नु पर्ने हुन्छ भन्ने छ । यसर्थ उल्लेखित सँविधान र कानुनमा भएको व्यवस्थावाट के स्पष्ट हुन्छ भने यदी सम्मानित अदालतहरुवाट भएको आदेश वा फैसला कोही कसैले अवहेलना गर्छ भने सो कानुन वमोजिम दण्डीत समेत हुनुपर्छ। विपक्षी प्रहरी प्रमुख कार्यरत रहेको महानगरपालिका तथा र स्वयँ यिनै विपक्षी कार्यरत प्रहरी इकाई समेतलाई विपक्षी वनाई यस अदालतमा उल्लेखित रिटहरु दायर भई फैसला हुँदा उत्प्रेषण र परमादेशको आदेश जारी भईसकेको र सो आदेश कहीकतैवाट वदर नभईसकेको अवस्थामा सो लाई मान्य गरीं सोही वमोजिम गर्नुपर्नेमा आफ्नो खुशी रुपमा कार्य फैसलाको अवज्ञा हुने गरी भएको कार्य अवलेहना जन्य कार्य हो ।

६. अदालतको अवहेलना सम्बन्धमा व्यवस्थापिकाले हालसम्म कुनै कानून बनाएको नदेखिएको अवस्थामा **सन्तोष भट्टराई विरुद्ध हिमाल मिडिया प्रा.लि. का प्रकाशक कनकमणि दिक्षितसमेतको ने.का.प. २०६४, अंक ४, पृष्ठ ५०६** मुद्दामा प्रतिपादित ८(आठ) Guideline हरुलाई मध्यनजर गर्नु सान्दर्भिक हुन्छ।

क) अदालतको निर्णय वा आदेशको जानाजान Wilful अवज्ञा गर्ने कार्य।

ख) अदालतसमक्ष गरेको प्रतिज्ञाको जानाजान Wilful भंग वा अवज्ञा गर्ने कार्य।

ग) बोलेर, लेखेर वा अन्य कुनै प्रकाशर्नद्वरा अदालतप्रति भ्रामक हल्ला फिँजाई अनास्था पैदा गरी काण्ड मच्चाउनु अर्थात Scandalize गर्ने कार्य।

घ) बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्य द्वरा अदालती कारवाहीमा हस्तक्षेप गर्ने।

ङ) बोलेर वा लेखेर वा अन्य प्रकाशन वा काम द्वरा अदालती कारवाहीमा हस्तक्षेप गर्ने वा न्याय प्रशासनमा अवरोध गर्ने कार्य।

च) अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने काम गर्ने।

छ) मुद्दाका पक्षहरु मुद्दाका साक्षीहरु तथा अदालतका कर्मचारीलाई बाधा विरोध गर्ने कार्य।

ज) बोलेर वा लेखेर वा अन्य प्रकाशन वा कार्यद्वरा अदालती कारवाहीमा हस्तक्षेप गर्ने कार्य ।

७) विपक्षी महानगरपालिकामा कार्यरत प्रहरी प्रमुख लगायतका विपक्षीले अदालतको आदेशको जानाजान अवज्ञा गरेको कार्यलाई यस नजिरले अदालतको अवहेलनाको रुपमा ब्याख्या गरेको छ । तसर्थ हामी निवेदकहरुले पटक पटक वोर्ड नविकरणको लागि निवेदन दिएको, तिर्नुपर्ने कर तथा राजश्व के कति रहेको भनी स्पष्ट पार्नको लागि दिंदा सो निवेदन दिँदा विपक्षी कार्यालयले निवेदन दर्ता गरेता पनि के कति रकम तिर्नु वुझाउनु पर्ने भन्ने एकिन नगरेको, डिजीटल वोर्ड एशोसिएनलाई सँचालनमा रहेका डिजीटल वोर्डहरुको कर लिनको लागि सहयोग गरिदिनको लागि पत्राचार गरेको तर महानगरपालिकामा कार्यरत विपक्षीबाट अदातलको आदेश अनुरुप ब्यवसाय नवीकरण नगरिनु, सँचालनमा रहेको वोर्डहरु वन्द गराउनु अदालतको अवहेलन हो । यसका साथै विपक्षीको यस कार्य अदालतको अवहेलनामा मात्र सिमित नभई अदालतको आदेशबाट स्थापित नेपालको संविधानले हरेक नेपाली नागरिकलाई प्रदान गरेको मौलिक हक समेतको उल्लंघन हो । नेपालको संविधान धारा २० ले प्रदत्त गरेको न्याय सम्बन्धी हक, धारा २५ ले प्रदत्त गरेको सम्पत्तिको हक र धारा ३३ ले प्रदत्त गरेको रोजगारीको हक समेतलाई विपक्षी महानगरपालिकाको कार्यले आघात पुऱ्याएको छ ।

७.यसै गरी ***जनहित संरक्षण मञ्च (प्रो.पब्लिक) कातर्फबाट अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध माधवप्रसाद घिमिरे, मुख्य सचिब, नेपाल सरकार समेत नि.नं. ९६५७, फैसला मिति २०७२।०२।२४,*** भएको अदालतको अवहेलना मुद्दामा प्रतिपादित सिद्धान्त समेतले अदालतको अवहेलनाको कार्य भनेको जनसाधरणमा अदालत वा अदालतले सम्पादन गर्ने कार्यप्रति अविश्वास वा अनास्था हुने वा हुन सक्ने कार्य गर्नु र अदालतको सम्मान वा गरिमामा आच पुऱ्याउने कार्य नै हो भनी ब्याख्या गरेको अवस्थामा विपक्षी नगरपालिकाले यस अदालतको आदेश बिरुद्ध गई कार्य गर्नु जनमानसमा अदालत प्रतिको विश्वासनीयतामा प्रश्न चिन्ह खडा गर्नु सरह हो । कानूनको सफल कार्यान्वयन भएको अवस्थामा कानूनी राज्यको अनुभूती जनताले गर्न सक्ने तथा न्यायपूर्ण समाजको सिर्जना हुन सक्दछ । यसरी कानूनमा स्पष्टरुपमा उल्लेखित कार्यहरुको कार्यान्वयन गर्ने कार्य विपक्षी बनाईएको निकायको भएकोमा सो अख्तियारीको पालना गर्नबाट पन्छिन मिल्दैन ।

८. मिति २०७९।१२।२९ र २०८०।१२।०८ मा सम्मानित उच्च अदालतबाट भएको उक्त आदेश हालसम्म पनि कार्यान्वयन नभएको र यसैबीच पहिलो आदेश मिति २०७९।१२।२९ आएपछि

CamScanner

मात्र नयाँ निर्देशिका ल्याइएको अवस्थामा पछि ल्याइएको निर्देशिका पछि अनुमति लिने अनुमतिवालाहरूलाई मात्र लागू हुने तर्फ ध्यानाकर्षण गराउँदा समेत महानगरपालिकाले सो उपर वेवास्ता गरेको देखिन्छ।

9. पटक पटक बिभिन्न मितिमा निवेदकको कार्यस्थलमा आई हामीहरुलाई डर धाक धम्की दिने र हाम्रो व्यवसयमा यसरि आघात पुर्याउने नियतले भएको कानूनका संरक्षकले गरेको कार्य लज्जास्पद, न्यायको मूल्यमान्यता र कानूनी राज्यको अवधारणाको विरुद्ध रहेको स्प्रष्ट छ। यसरि बन्द गरिदिदा यस कम्पनीले ठुलो घाटा व्यहोर्नु परिसकेको र यसपाली फेरी महानगर आफैले नविकरण नगरिदिएको कारण मापदण्ड विपरीत राखिएको भन्दै उक्त बोर्डहरु चल्न नदिए यस कम्पनी पुरै घाटामा गई निश्चित डुब्ने भएकोले विपक्षी महानगरपालिकाले यस सम्मानित उच्च अदालतबाट जारी भएको मिति २०७९|१२|२९ र २०८०|१२|०८ को आदेश बमोजिमको कार्य नगरेको हुँदा विपक्षीलाई नेपालको संविधानको धारा १३९(२) बमोजिम अवहेलनामा कारबाही चलाउन यस अदालत समक्ष निवेदन गर्दै विप्रक्षी महानगरपालिकामा कार्यरत विपक्षी प्रहरी प्रमुखले गरेको अन्यायबाट यस कम्पनीले विगतमा निकै घाटा ब्यहोर्नु परेको र अदातलबाट आदेश भै सकेको अवस्थामा समेत ढुक्क मनले आफ्नो व्यवसाय संचालन गर्न सक्ने अवस्था विपक्षी प्रहरी प्रमुख लगायतवाट भएको कार्य गैर कानुनी तथा गैर सँवैधानीक भएको हुँदा कारण देखाउको आदेश गरी विपक्षी प्रहरी प्रमुखलाई म्याद प्राप्त भएको मितिले तीन दिन भित्र स्वयँ अदालतमा उपस्थित भई लिखित जवाफ दर्ता गर्नु गराउनु, स्वयँ तारेखामा रहनु भनी आदेश गरी विपक्षीहरुको कार्य वदर गरी सम्पुर्ण निवेदकहरुलाई वोर्ड वन्द गराएको कारणवाट पर्न गएको क्षतिको मुल्याँकन गरी उचित क्षतिपुर्ति दिलाई भराई विपक्षीहरुलई कानुन वमोजिम अदालतको अवहेलनामा कारवाही पाउँ। साथै हाल विपक्षी कार्यरत कार्यालयका कर्मचारी, प्रहरी प्रमुख समेतले हामीहरुले सँचालन गरी आएको वोर्डहरु वन्द गरेको, वन्द गर्न दवाव दिएको कारण हामीहरुलाई अपुरणीय क्षति पुग्न गएको हुँदा सँचालन भई आएका कुनैपनि वोर्डहरु वन्द गराउने कार्य नगर्नु, नगराउनु वन्द गराउन आदेश तथा पत्राचार नगर्नु नगराउनु, यदी वन्द गराइएको छ भने पनि तुरुन्त साविक वमोजिम नै वोर्ड सँचालन गर्न दिनु दिलाउनु भनी मुलुकी देवानी कार्यविधि सँहीता, २०७४ को दफा १५६ वमोजिम अन्तरकालिन आदेश समेत जारी गरी पाउँ।

१०. यो निवेदन दर्ता गर्न हाल कानुन व्यवसायी मुकरर गरेको छैन। पछि नियुक्त हुने मेरा कानुन व्यवसायीको बहस जिकिर र निजले पेश गरेको नजिर सिद्धान्त समेत यसै निवेदनपत्रको अभिन्न अंग मानी पाउँ।

११. प्रस्तुत विषयमा समान्तर क्षेत्राधिकार रहेको अन्य अदालतमा निवेदन गरेको छैन।

१२. यो निवेदन दर्ता गर्न लाग्ने सम्पूर्ण दस्तुर यसैसाथ छ।

१३. यस निवेदनको प्रयोजनार्थ निम्न कागजातहरुको फोटोकपी पेश गरेको छु।

क. मिति २०७६|०५|१६ मा एस.टि.आर. एडभरटिजमेण्ट प्रा.लि. ले का.म.न.पा. बाट त्रिपुरेश्वर स्थित United World Trade Center भवनमा स्क्रिन डिजिटल बोर्ड राख्न प्राप्त गरेको अनुमती पत्रको प्रतिलिपी ..........................................................थान १

ख मिति २०८०|१२|०८ मा उच्च अदालत, पाटनबाट एको फैसलाको प्रतिलिपि थान १

ग. मिति २०७९|१२|२९ मा उच्च अदालत, पाटनबाट भएको फैसलाको प्रतिलिपि थान १

घ. मिति २०८०|०५|१० मा एस.टि.आर. एडभरटिजमेण्ट प्रा.लि. ले का.म.न.पा. लाई पठाएको पत्रको प्रतिलिपी...............................................................थान १

यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउला।

निवेदक

अ प्र असिम भट्टराई

ईति सम्बत २०८२ साल जेष्ठ महिना गते रोज शुभम.........................................।

श्री उच्च अदालत पाटनबाट
2082।2।2

श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं. ३

माननीय न्यायाधीश श्री लेखनाथ पौडेल

माननीय न्यायाधीश श्री हेमन्त रावल

आदेश

निवेदन नं. ०८१-FJ-०२१२

एस.टि.आर.एडभरटिजमेण्ट प्रा.लि. समेत.................................................................................... निवेदक

विरुद्ध

काठमाण्डौ महानगरपालिका समेत.................................................................................................विपक्षी

मुद्दाः अवहेलना।

प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट वहसका लागि उपस्थित विद्वान वरिष्ट अधिवक्ताद्वय श्री मेघराज पाखरेल र श्री दिनमणी पोखरेल तथा विद्वान अधिवक्ताद्वय श्री इश्वर अधिकारी र श्री आरजु कार्कीले गर्नु भएको वहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग वमोजिम अदालतको अवहेलनामा किन कारवाही हुनु नपर्ने हो? माग बमोजिमको कारवाही हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाको म्याद बाहेक ७ दिन भित्र विपक्षीहरुको हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नू।

निवेदकले अन्तरकालिन आदेश माग गरेको शन्दर्भमा विचार गर्दा यस अदालतमा यीनै निवेदकहरुले यस अघि दायर गरेका ०८०-WO-०६८६, ०७९-WO-०३६६, ०६०७ समेतका उत्प्रेपण परमादेश समेतका रिट निवेदनमा यस अदालतवाट जारी भएको आदेशानुसार निवेदकहरुको अनुमतिपत्र कानून वमोजिम नविकरण गर्ने नगर्ने सम्वन्धमा कुनै निर्णय नै नगरी निवेदकहरुले संचालन गरेका डिजिटल वोर्डहरु जवरजस्ती वन्द गराउने कार्य विपक्षीवाट हुन लागेको भन्ने निवेदकहरुको भनाई रहेको देखिंदा लिखित जवाफ परेपछि वा प्रस्तुत आदेशको खारेज माग गरी विपक्षीहरुवाट निवेदन परेमा पुनरविचार हुन सक्ने गरी हाल निवेदकहरुले संचालन गरेका वोर्ड नहटाई पूर्ववत रुपमा निवेदकहरुलाई संचालन गर्न दिनु दिलाउनु भनी विपक्षीहरुका नाउमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ बमोजिम अन्तरकालिन आदेश जारी गरी दिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नु।

न्यायाधीश                      न्यायाधीश

इति सम्वत् २०८२ साल जेठ महिना २ गते रोज ६ शुभम्.......................................................।

CamScanner